SONAPUR
MINERALS AND OIL LTD.
सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
SONAPUR MINERALS AND OIL LIMITED
रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ०९, बत्तीसपुतली काठमाडौं नेपाल
फोन नं.: +९७७-१४५७८०२८
उद्योगको ठेगाना:- तुल्सीपुर-१८, दाङ्ग, नेपाल | फोन नं.: +९७७-८२५२३००४
Email: admin@sonacement.com Website: www.sonacement.com

# १६औ वार्षिक साधारण सभा सम्बन्धि सूचना

आदरणिय, शेयरधनी महानुभावहरु,

सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेडको मिति २०८० साल माघ ३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा यस कम्पनीको १६औं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**

मिति : २०८० साल माघ २६ गते शुक्रबार (तद्नुसार ०९ फेब्रुवरी २०२४) ।
समय : बिहानको १०:०० बजे ।
स्थान : होटल माला इन (घोराही उपमहानगरपालिका वार्ड नं १५, दाङ्ग)

**छलफल गर्ने विषयहरु**

**(क) सामान्य प्रस्तावहरु**

१. आ.व. २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्थासँग तथा यसै संस्थासँग सम्बद्ध कम्पनीसँग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्तव उपर छलफल गरी पारित गर्ने ।
५. सर्वसाधारण शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद-२(दुई)को निर्वाचन गर्ने ।
६. प्रबन्ध संचालक तथा अन्य संचालकहरुको सेवा सुविधा सम्बन्धमा छलफल गरी पारित गर्ने ।

**(ख) बिशेष प्रस्तावहरु :**

१. कम्पनीको उद्देश्य थप (संशोधन) गर्ने ।
२. कम्पनीको प्रबन्धपत्रको दफा ४ को उपदफा १ मा संशोधन गर्ने ।
३. प्रबन्धपत्र संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।
४. कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम अनुमोदन गर्ने सम्बन्धमा ।

**ग. विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी :**

१. साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८०/१०/१२ गते शुक्रबार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (BOOK CLOSE) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८०/१०/११ सम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको सो सभामा भाग लिन सक्ने छन् ।
२. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण र हितग्राही खाता खोली शेयर अभौतीकरण गरिएको विवरण देखिने DEMAT ACCOUNT STATEMENT वा शेयर प्रमाण-पत्र साथमा लिई आउन हुन अनुरोध छ ।
३. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा बिहान ९:०० बजे देखि खुल्ला रहनेछ । साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रोक्सीले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।
४. वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको WEBSITE: WWW.SONACEMENT.COM मा पनि हेर्न सक्नुहुनेछ ।
५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् २०८०/१०/२३ गते अपरान्ह ५:०० बजे भित्र कम्पनीको तुल्सीपुर-१८, दाङ्ग जिल्लामा अवस्थित उद्योगको कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्ने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वतह बदर हुनेछ ।
६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ ।
७. सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभाकक्षमा उपस्थित भई दिनहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।
८. साधारणसभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।
९. बार्षिक साधारण सभा तथा सञ्चालकको निर्वाचन सम्बन्धी अन्य जानकारीका लागि तुल्सीपुर-१८, दाङ्ग जिल्लामा अवस्थित उद्योगको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्नु हुन अनुरोध छ ।
१०. सर्वसाधारण शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन सम्बन्धि कार्यक्रम निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

SONAPUR
MINERALS AND OIL LTD.

# सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड
# SONAPUR MINERALS AND OIL LIMITED

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं. ०९, बत्तीसपुतली काठमाडौं नेपाल
फोन नं.: +९७७-१४५७८०२८

उद्योगको ठेगाना:- तुल्सीपुर-१८, दाङ्ग, नेपाल | फोन नं.: +९७७-८२४२३००४
Email: admin@sonacement.com Website: www.sonacement.com

को

## १६ औं वार्षिक साधारण सभा प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुने सम्बन्धी सूचना ।

यस सोनापुर मिनरल्स् एण्ड आयल लि.को मिति २०८० माघ २६ गते हुन गइरहेको १६ औं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/१०/१२ गते एक दिनको लागि शेयरधनी दर्ता किताव बन्द रहने व्यहोरा सम्पुर्ण शेयरधनीहरुको जानकारीका लागि अनुरोध गर्दछौ । शेयरधनी दर्ता किताव बन्द गरिने मिति भन्दा अघिल्लो कारोबार दिनसम्म अर्थात मिति २०८०/१०/११ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएका शेयरधनीहरुले मात्र आ.व.२०७९/०८० को वार्षिक साधारण सभामा भाग लिन तथा मतदान गर्न पाइने व्यहोरा सम्बन्धित सबै शेयरधनीहरुको जानकारीको लागि अनुरोध छ ।